आज मिति २०८०।१२।०३ गतेका दिन छबिसपाथिभेरा गाँउपालिका अध्यक्ष श्री बसन्त बहादुर चलाउने ज्यु को अध्यक्षतामा गाँउ कार्यपालिकाको बैठक तपशिलको उपस्थितिमा बसी तपशिलका निर्णयहरु सर्व समितिबाट पारित गरियो ।

| हस्ताक्षर | नामथर | कार्यालय | पद |
|---|---|---|---|
| | श्री बसन्त बहादुर चलाउने | छ.पा.गा.पा | अध्यक्ष |
| | श्री लक्षिमन बोहरा | छ.पा.गा.पा | उपाध्यक्ष |
| | श्री करनजंग बहादुर सिह | छ.पा.गा.पा | वडा अध्यक्ष १ |
| | श्री पबिन्द्र बहादुर मण्डेल | छ.पा.गा.पा | वडा अध्यक्ष २ |
| | श्री श्याम बहादुर सिह | छ.पा.गा.पा | वडा अध्यक्ष ३ |
| | श्री अम्मरराज थापा | छ.पा.गा.पा | वडा अध्यक्ष ४ |
| | श्री झंलक ब धामी | छ.पा.गा.पा | वडा अध्यक्ष ५ |
| | श्री गजेन्द्र कुमार बुढा | छ.पा.गा.पा | वडा अध्यक्ष ६ |
| | श्री बिजय ब धामी | छ.पा.गा.पा | वडा अध्यक्ष ७ |
| | श्री अरुण बिक | छ.पा.गा.पा | कार्यपालिका सदस्य |
| | श्री आशा कुमारी थापा कठायत | छ.पा.गा.पा | कार्यपालिका सदस्य |
| | श्री बिमला बि क | छ.पा.गा.पा | कार्यपालिका सदस्य |
| | श्री मिन्जु कुमारी कडायत | छ.पा.गा.पा | कार्यपालिका सदस्य |
| | श्री अन्जना बोहरा | छ.पा.गा.पा | कार्यपालिका सदस्य |
| | श्री सरस्वती सिह रेग्मी | छ.पा.गा.पा | कार्यपालिका सदस्य |
| | श्री अम्मर ब थापा | छ.पा.गा.पा | नि प्रमुख प्रसासकिय अधिकृत |
| | हरिचन्द्र कडायत | छ पा गा पा | शिक्षा अधिकृत |
| | श्री तुलसी ब धामी | छ.पा.गा.पा | सिअहेब |
| | श्री मुकेश कुमार थापा | छ.पा.गा.पा | लेखापाल |
| | श्री [illegible] जोशी | छ.पा.गा.पा | का.स |
| | श्री [illegible] ब. थापा | ,, | ,, |

)

( कार्यविधिको दफा ७ को उप दफा १ संग सम्बन्धित )

छविसपाथिभेरा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

कार्यसूची ,समय र तालिका

बैठक संख्या –१०( दश ) , आ व २०८०।०८१

बैठक स्थान – छविसपाथिभेरा गाउँपालिका–सभाहल

अध्यक्षता – श्री बसन्त बहादुर चलाउने

मिति –२०८०।१२। ३ गते ,शनिवार

| क्र स | मिति | बैठक बस्ने समय | कार्यसुची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०८१।१२।३गते | दिउसो ९ :०० बजे | १)योजनाको भुक्तानी सम्बन्धमा। | अध्यक्ष | |
| २ | | | २) दिगो विकास सम्बन्धी कार्ययोजना सम्बन्धमा। | | |
| ३ | | | ३) पदाधिकारीको क्षमता विकास सम्बन्धमा। | | |
| ४ | | | ४) विषयक्षेत्रगत सेवाहरुको सेवाप्रवाह सम्बन्धमा। | | |

निर्णय नं १: योजनाको भुक्तानी सम्बन्धमा।

प्रस्ताव नं १ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत रहेका वडा समितिबाट माग भई आएका योजनालाई कार्यपालिका बैठकबाट स्वीकृत गराई रकमान्तरण गर्ने र उक्त योजनाहरूको भुक्तानी यस अघि विनियोजन भएका योजनाहरूको भुक्तानी भए पछि भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं २: दिगो विकास सम्बन्धी कार्ययोजना सम्बन्धमा।

प्रस्ताव नं २ माथि छलफल गर्दा संयुक्त राष्ट्रसंघद्वारा निर्धारण गरिएका दिगो विकासका १७ वटा विश्वब्यापी लक्ष्यहरु ( २०१५-२०३०) प्राप्त गर्न विभिन्न सूचकहरुको सम्बन्धमा कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्ने निर्णय सर्वसहमतिमा पारित गरियो।

निर्णय नं. ३ पदाधिकारीको क्षमता विकास सम्बन्धमा।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा पदाधिकारीको संस्थागत क्षमता विकास तथा गाउँसभा सञ्चालन सम्बन्धी क्षमता विकास गर्न बजेट विनियोजन तथा कार्ययोजना निर्माण गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय सर्वसहमतिमा पारित गरियो।

निर्णय नं. ४ विषयक्षेत्रगत सेवाहरुको सेवाप्रवाह सम्बन्धमा।

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस छबिसपाथिभेरा गाउँपालिकाको आर्थिक वर्ष २०८१।०८२ मा सञ्चालन हुने आयोजनाहरु तपसिलको मापदण्डको आधारमा छनौट गर्ने निर्णय पारित गरियो।

आयोजना प्राथमिकिकरणमा अंक प्रदान गर्दा देहायका आधारमा प्रदान गर्ने
१. गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने आयोजनाहरू (२० अंक)
क. प्रत्यक्ष योगदान पुग्ने – २० अंक
ख. अप्रत्यक्ष योगदान पुग्ने – १० अंक
ग. तटस्थ – ५ अंक
२. उत्पादनमुखी तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने आयोजनाहरू (२५ अंक)
क. चालु आ.व. मा नै सम्पन्न हुने – २५ अंक
ख. आगामी आ.व. मा सम्पन्न हुने – १० अंक
ग. अन्य – ५ अंक
३. आम्दानी र रोजगार वृद्धि हुने आयोजनाहरू (२५ अंक)
क. प्रत्यक्ष योगदान पुग्ने – २५ अंक
ख. अप्रत्यक्ष योगदान पुग्ने – ७.५ अंक
ग. तटस्थ – ० अंक
४. लागत सहभागिता जुट्ने आयोजनाहरू (२५ अंक)
क. ५० प्रतिशत वा सो भन्दा बढी लागत सहभागिता हुने – २५ अंक
ख. २० प्रतिशतदेखि ५० प्रतिशत सम्म लागत सहभागिता हुने – २० अंक
ग. २० प्रतिशत सम्म लागत सहभागिता हुने – ५ अंक

घ. लागत सहभागिता नहुने – ० अंक

५. स्थानीय स्रोत साधन र सिपको प्रयोग हुने आयोजनाहरू (२० अंक)

क. आयोजनालाई आवश्यक पर्ने सबै स्रोत साधन स्थानीय तहमा उपलब्ध हुने – २० अंक

ख. आयोजनालाई आवश्यक पर्ने ५० प्रतिशत स्रोत साधन स्थानीय तहमा उपलब्ध हुने – ७.५ अंक

ग. अन्य – ५ अंक

६. समावेशीकरणमा योगदान पुगाउने आयोजनाहरू (१० अंक)

क. प्रत्यक्ष योगदान पुगाउने – २० अंक

ख. अप्रत्यक्ष योगदान पुगाउने – ५ अंक

ग. तटस्थ – ० अंक

७. दिगो विकास र वातावरणीय संरक्षण गर्ने आयोजनाहरू (१० अंक)

क. प्रत्यक्ष योगदान पुगाउने – २० अंक

ख. अप्रत्यक्ष योगदान पुगाउने – ५ अंक

ग. तटस्थ – ० अंक

८. स्थानीय मौलिक सांस्कृतिक विकास गर्ने आयोजनाहरू (५ अंक)

क. प्रत्यक्ष योगदान पुगाउने – ५ अंक

ख. अप्रत्यक्ष योगदान पुगाउने – ३ अंक

ग. तटस्थ – ० अंक